कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/०८/०८

**प्रस्तावनाः** कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृंखलामा आवद्ध पक्षहरुको क्षमता विकास र ती पक्षहरुबीचको सम्बन्धलाई विकास गर्दै स्वदेशमा उत्पादित कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य अभिबृद्धि गरि कृषिजन्य बाली/वस्तुको व्यवसायिक उत्पादन, प्रशोधन र बजारीकरणलाई दिगो रुपमा प्रभावकारी र प्रतिस्पर्धी बनाउदै लैजान प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि स्वीकत गरी लागू गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले कार्यक्रममा सहभागी हुन निर्देशनालय/केन्द्र समक्ष आवेदन दिने कृषक/उद्यमि, कृषक समुह, कृषि सहकारी, कृषिमा कार्य गर्ने बहुउद्देश्यीय सहकारी र निजी कृषि फर्म सम्झनु पर्छ ।

(ख) **"उत्पादन सामाग्री"** भन्नाले कृषि, पशुपन्छी तथा मत्स्य उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, नश्ल, भुरा, औषधि, खोप, विषादी, जैविक पदार्थ तथा हर्मोन, तरल नाइट्रोजन, कृषि चुन तथा रसायन, दाना, पोषक तथा शुक्ष्म तत्व, कृषि औजार उपकरण, लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तुलाई समेत बुझ्नु पर्छ ।

(ग) **"कार्यक्रम"** भन्नाले वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएको कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृंखला विकास सम्बन्धित कार्यक्रम सम्झनु पर्छ ।

(घ) **"केन्द्र"** भन्नाले निर्देशनालय अन्तर्गतको कृषि ज्ञान केन्द्र/भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ङ) **"कृषि पूर्वाधार"** भन्नाले भन्नाले सार्वजनिक/सामुदायिक प्रयोजनका लागि निर्माण हुने कृषि बजार पूर्वाधार, दुध तथा खसिबोका संकलन केन्द्र, दुग्ध चिस्यान केन्द्र, कृषि बस्तु भण्डारण गृह, कृषि उत्पादन चिस्यान केन्द्र, माछा बजार, मत्स्य नर्सरी, ह्याचरी, दाना उद्योग, नर्सरी



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

स्थापना, संरक्षित संरचना, सिचाई संरचना जस्ता कृषि उत्पादन, प्रशोधन, भण्डारण, र बजारीकरण सम्बन्धि उत्पादन देखि बजारीकारण सम्म मूल्य अभिवृद्धि गर्न सहयोग पुर्याउने विभिन्न पूर्वाधारलाई बुझ्नु पर्छ ।

(च) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(छ) **"प्रदेश"** भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ ।

(ज) **"प्रशोधन"** भन्नाले कृषि, पशुपन्छी तथा मत्स्यजन्य बाली/वस्तु उत्पादनोपरान्त क्षति न्यूनीकरण गर्न धुने, पखाल्ने, स्तरीकरण गर्ने, छाट्ने, प्रिकुलीङ गर्ने, भौतिक, जैविक तथा रासयनिक प्रदुषण हटाउने, आधारभूत कच्चा पदार्थ तयार गर्ने, डिग्रिनिंग गर्ने, फल पकाउने, रोगकिरा नष्ट गर्ने, तातो वा चिसो उपचार गर्ने, ग्रेडिंग गर्ने, सुकाउने, प्रशोधन गर्ने (जुस, वाईन आदि), प्याक गर्ने, गुणस्तर परिक्षण गर्ने, लेबल लगाउने, बार कोड टास्ने इत्यादी क्रियाकलापलाई सम्झनु पर्छ।

(झ) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

(ञ) **"मूल्य श्रृंखला"** भन्नाले कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपज विशेष वा सेवाहरुको विकासको लागि कच्चा पदार्थ आपूर्ति एवम् उत्पादनको तह हुँदै संकलन, प्रशोधन, भण्डारण, बजारीकरण भई वस्तु/सेवालाई उपभोक्ता समक्ष पुर्याउने क्रियाकलापहरुको सिलसिला एवम् संगालो भन्ने बुझ्नु पर्दछ ।

(ट) **मूल्याङ्कन समिति"** भन्नाले दफा ७ बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

(ठ) **"मूल्य श्रृंखला कर्ता"** भन्नाले वस्तु तथा सेवाको परिकल्पना देखि उत्पादन हुँदै अन्तिम उपभोक्तासम्मका क्रियाकलापमा प्रत्यक्ष रुपमा संलग्न हुने कृषक, उद्यमी, कृषक समूह, कृषि सहकारी र व्यवसायीहरु भन्ने बुझ्नु पर्दछ ।

(ड) **"साझेदार"** भन्नाले कार्यक्रममा छनौट भएका आवेदकलाई सम्झनु पर्छ ।

## परिच्छेद- २
## कार्यक्रम सञ्चालन प्रक्रिया

३. कार्यक्रम लागु हुनेः यो कार्यक्रम प्रदेशभर लागू हुनेछ।

४. सञ्चालन गर्न सकिने क्रियाकलापहरुः (१) यस कार्यक्रम अन्तर्गत कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण लगायतका क्षेत्रहरुमा सहयोग पुग्ने गरी देहाय बमोजिमका क्रियापकलापहरुमा सहयोग गरीनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(क) कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको संकलन, प्रशोधन, भण्डारण तथा बजारीकरणसँग सम्बन्धित सामग्री, कृषि पूर्वाधार निर्माण आदि ।

(ख) क्षमता अभिवृद्धि कार्यक्रम (मूल्य श्रृंखला कर्ताहरुको लागि तालिम लगायत अन्य कृषि प्रसार शैक्षिक क्रियाकलापहरु),

(ग) मुल्य अभिबृद्धिसँग सम्बन्धित अन्य क्रियापकलापहरु (उत्पादन विविधिकरण, प्याकेजिङ, लेभलिङ आदी),

(घ) सूचना तथा संचारसँग सम्बन्धित क्रियाकलापहरु (सचेतना, सञ्चार माधययमवाट प्रचार प्रसार लगायतका क्रियाकलापहरु)

(२) उपदफा (१) बमोजिमको क्रियाकलापहरु संचालन गर्दा कुन कुन बाली /वस्तु संग सम्बन्धित मूल्य शृंखला विकास गर्ने हो र कुन क्षेत्रमा उत्पादित मूल्य शृंखला विकास गर्ने हो स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

५. **सूचना प्रकाशन**: (१) कार्यक्रम सञ्चालनको लागि निर्देशनालय/केन्द्रले २१ दिनको म्याद राखी अनुसूची-१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा दोस्रो पटक १५ दिनको समयसीमा राखि पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

६. **प्रस्ताव दर्ता**: आवेदकले अनुसूची-२ बमोजिमको निवेदनको साथ सूचनामा उल्लेखित कागजातहरु, अनुसूची-३ बमोजिमको प्रस्ताव र अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र सम्बन्धित निर्देशनालय/केन्द्रमा आवेदन दर्ता गर्नु पर्नेछ ।

७. **मूल्याङ्कन समिति**: (१) प्रस्ताव मूल्याङ्कन गरी साझेदार छनौटको सिफारिस गर्न निर्देशनालय/केन्द्रमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| क. प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत/अधिकृत, निर्देशनालय/केन्द्र | -संयोजक |
| ख. अधिकृत, सम्बन्धित शाखा, निर्देशनालय/केन्द्र | -सदस्य |
| ग. योजना हेर्ने अधिकृत, निर्देशनालय/केन्द्र | -सदस्य |
| घ. प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय/केन्द्र | -सदस्य |
| ङ. प्रमुख, खरिद इकाई, निर्देशनालय/केन्द्र | -सचिव |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(२) समितिले बैठकमा आवश्यकता अनुसार बढीमा दुई (२) जना विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) आवश्यकतानुसार मूल्याङ्कन समितिले मूल्याङ्कनका मापदण्ड तयार गरी निर्देशनालय/ केन्द्रवाट स्वीकृत गर्न सक्नेछ ।

८. <u>साझेदार छनौट र सम्झौताः</u> (१) निर्देशनालय/केन्द्रले छनौट भएको साझेदारलाई निर्णय भएको मितिले ७ दिन भित्र जानकारी दिनु पर्नेछ ।

(२) छनौट भएका आवेदकले सम्झौताको लागि निर्देशनालय/केन्द्रमा सम्पर्क गर्नु पर्नेछ। साझेदारले सम्झौता गर्नु अघि सोही प्रकृतिको कार्यक्रमको लागि अन्य सरकारी संस्थावाट दोहोरो सुविधा नलिएको प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

(३) निर्देशनालय/केन्द्रले तोकेको समयावधी भित्र साझेदार सम्झौता गर्न नआएमा क्रमशः दोस्रो प्राथमिकता प्रास साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

९. <u>आवेदकको न्यूनतम मापदण्डः</u> देहाय बमोजिमको आवेदकहरु मात्र कार्यक्रममा प्रस्ताव पेश गर्न योग्य हुनेछन् ।

क. उत्पादन, संकलन, प्रशोधन र बजारीकरण क्रियाकलापमा संलग्न हुने आवेदक,

ख. संकलन/प्रशोधन/भण्डारण/बजारीकरणमा मात्र संलग्न हुने आवेदकको हकमा कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपज उपलब्ध हुने सुनिश्चतताको लागि उत्पादकसँग गरिएको खरिद विक्री सम्झौता हुनु पर्नेछ ।

## परिच्छेद -३

## <u>आर्थिक पक्ष</u>

१०. <u>साझेदार रकमः</u> (१) सम्झौतामा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही रकम उपलब्ध गराईनेछ । पूजीगत प्रकृतिका कृषि पूर्वाधार निर्माणको हकमा कुल लागतको बढीमा ८० प्रतिशत तथा चालू प्रकृतिका उत्पादन सामग्री खरिदमा बढीमा ५० प्रतिशत सम्म प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ । प्रति साझेदार बढीमा रु. २५ लाख रकम उपलब्ध गराइनेछ । कृषि प्रसार तथा क्षमता अभिवृद्धि संग सम्बन्धित क्रियाकलापहरु कुल लागतको ५% नबढ्ने गरी शत प्रतिशत लगानीमा केन्द्र/ निर्देशनालयले गर्न सक्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(२) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

(३) कार्य प्रगति र सुपरिवेक्षणको आधारमा साझेदारले पेश गरेको रनिङ्ग/ अन्तिम बिललाई प्राविधिक सिफारिसमा बढीमा तीन किस्तामा साझेदारको बैक खाता मार्फत भुक्तानी गर्न सकिनेछ । साथै अन्तिम किस्ता भुक्तानीका लागी पेश गर्दा कार्य सम्पन्न प्रतिवेदन, बील, स्थलगत अनुगमन प्रतिबेदन पश्चात मात्र भुक्तानी गरिनेछ।

## परिच्छेद -४

## अन्य व्यवस्था

११. **दोहोरोपना नहुने:** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल गरिनेछ ।

१२. **अनुगमन तथा मूल्याङ्कन:** मन्त्रालय, निर्देशनालय र केन्द्रले आवश्यकता अनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

१३. **कारबाही सम्बन्धी व्यवस्था:** साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१४. **संशोधन:** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१५. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित )

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : ..

निर्देशनालय/केन्द्र............को आर्थिक वर्ष.......को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम कृषि/पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम सञ्चालन गर्न ईच्छुक आवेदकहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र...........सम्बन्धित निर्देशनालय/केन्द्र मा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१. अनुसूची-२ बमोजिमको आवेदन,
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) र करचुक्ता
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
५. अनुसूची -३ अनुसारको प्रस्ताव,
६. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र
७. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
८. संकलन/प्रशोधन/भण्डारण/बजारीकरण मात्र संलग्न हुने आवेदकको हकमा उत्पादकसंग गरेको खरिद विक्री सम्झौता
९. आवश्यक अन्य कागजात ।

पुनश्चः "कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" यस निर्देशनालय/केन्द्र,......... को वेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

अनुसूची -२

<u>दफा (६) सँग सम्बन्धित</u>

<u>आवेदन</u>

मितिः ..................

श्रीमान प्रमुखज्यू,

.................. ।

विषयः कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा यस निर्देशनालय/केन्द्र.......को मिति ........ मा प्रकाशन गरिएको **कृषि उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम**मा सहभागी हुन तपसिलको कागजात सहित यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु

१. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

२. संस्थाको स्थायी लेखा नम्बर (PAN), करचुक्ता प्रमाण पत्र,

३. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),

४. अनुसूची -३ अनुसारको प्रस्ताव

५. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र

६. संकलन/प्रशोधन/भण्डारण/बजारीकरण मात्र संलग्न हुने आवेदकको हकमा खरिद विक्री सम्झौता पत्र

७. कार्यक्रम संचालनका लागि आवेदक वा निजको पारिवारिक स्वामित्वमा प्रयाप्त जग्गा रहेको प्रमाणपुर्जा वा जमिन करार गरेको सम्झौताको प्रतिलिपि,

८. पूर्वाधार निर्माणको हकमा कम्तिमा १० वर्षको लागि जमिन करार गरेको सम्झौताको प्रतिलिपि,

९. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र।

<u>निवेदक</u>

दस्तखतः

नाम थरः

पदः

सम्पर्क नः

मितिः

संस्थाको छापः

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -३

(दफा ६ सँग सम्बन्धित)

प्रस्ताव नमुना

१. विवरण

| विवरण | |
|---|---|
| प्रस्तावित कार्यक्रमको नाम | .................मुल्य श्रृंखला विकास कार्यक्रम |
| कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| आवेदक संस्थाको नाम र ठेगाना | |
| सम्पर्क टेलिफोन/मोबाइल नं. र इमेल | |
| आवेदक संस्थाको स्थापना दर्ता नम्बर | |
| दर्ता भएको निकाय र दर्ता मिति | |
| भ्याट/प्यान दर्ता नं | |
| खाता रहेको बैंकको नाम र ठेगाना | |
| खाता नं | |

२. प्रस्तावित ब्यवसायको सुरुवाती विवरण

३. हाल संचालन भईरहेका क्रियाकलापहरु

४. तपाई उत्पादक/संकलनकर्ता/ भण्डारणकर्ता प्रशोधन कर्ता वा बजारीकरणकर्ता मध्ये के हो?

५. वार्षिक रुपमा हुने उत्पादन/कारोवारको विवरण

| क. सं. | उत्पादन/कारोवार हुने बाली/वस्तु | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

६. प्रस्तावित क्रियाकलापहरु संचालन गर्न आवश्यक पर्ने उत्पादनको सुनिश्चितता सम्बन्धि विवरण

| क्र सं. | बाली /वस्तुको नाम | उत्पादन श्रोत (स्थान, उत्पादक) | | परिमाण |
|---|---|---|---|---|
| | | उत्पादन स्थल | उत्पादक | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

७. प्रमुख अपेक्षित उपलब्धीहरु के के हुन्?

| क्र.सं. | विवरण | हालको अवस्था | उपलब्धी सूचक | कैफियत |
|---|---|---|---|---|
| १ | ब्यवसायको आकार (क्षेत्रफल, उत्पादन/कारोवार) | | | |
| २ | ब्यवसाय सम्बन्ध | | | |
| ३ | रोजगारी सिर्जना | | | |
| ४ | वार्षिक आम्दानी | | | |
| ५ | अन्य ............ | | | |

८. ब्यवसायको निरन्तरता/दिगोपनाका आधारहरु

९. प्रस्तावित कृषि उपज मुल्य श्रृंखला विकासका लागि अरु केही नयाँ सोँच भए उल्लेख गर्नुहोस् ।

१०. प्रस्तावित क्रियाकलापहरु र अनुमानित लागत

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

| क्र.सं. | क्रियाकलाप विवरण | ईकाइ | परिमाण | जम्मा लागत (रु) | कार्यक्रमबाट बेहोर्ने | साझेदारले बेहोर्ने |
|---|---|---|---|---|---|---|
| क. चालू प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख. पूजिगत प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

यस प्रस्तावमा उल्लेख गरिएका विवरणहरु म/हामीले जानुबुझेसम्म साँचो हो । अन्यथा कानुन बमोजिम सहुँला/बुझाउँला भनी प्रस्तावको सवै पानामा सही छाप गर्नेः

दस्तखतः
नाम थरः
पदः
सम्पर्क नः
संस्थाको छापः:

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## अनुसूची -४
(दफा ६ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

............................को मिति..............................को सूचना अनुसार **कृषि उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रममा** सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं। कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

**आवेदकको तर्फबाट**

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री